एशियाली विधायिकी संस्थाहरूको परिषद् (Council of Asian Legislative Institutions- CALI) को सदस्यता प्राप्त गर्ने सम्बन्धी सङ्घीय संसदको प्रतिनिधि सभामा पेस हुने प्रस्ताव

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार, काठमाडौं

एशियाली विधायिकी संस्थाहरूको परिषद् (Council of Asian Legislative Institutions- CALI) को सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी समझदारी पत्र (MoU) पारित गर्नको लागि प्रतिनिधि सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने र सो समझदारी पत्रमा नेपाल सरकारको तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई अख्तियारी प्रदान गर्न सम्बन्धी सङ्घीय संसदको प्रतिनिधि सभामा पेस हुने प्रस्ताव

१. **विषयको संक्षिप्त व्यहोराः**

एशियाली विधायिकी संस्थाहरूको परिषद् (Council of Asian Legislative Institution (यसपश्चात् CALI भनिएको)) एशियाली कानून निर्माण तथा तर्जुमा गर्ने संस्थाहरूको सहयोग आदान प्रदान गर्ने उद्देश्यले समझदारीपत्र (Memorandum of Understanding-MoU) मार्फत स्थापना गरिने अन्तरसरकारी परामर्शदाता निकाय हो। गणतन्त्र कोरियाको कानून मन्त्रालय (Ministry of Government Legislation - MOLEG) ले एशियाली कानूनी प्रणालीहरूको साझा विकासका लागि अनुसन्धान तथा सूचना प्रविधिको प्रयोग गर्दै कानून तर्जुमा तथा निर्माण सम्बन्धमा निरन्तर रुपमा सहकार्य तथा समन्वय गर्ने उद्देश्यले सरकारी निकाय सम्मिलित CALI स्थापना गर्ने कार्य अगाडि बढाएको छ। CALI का संस्थापक सदस्यहरूमा उजबेकिस्तान, थाइल्यान्ड, मङ्गोलिया र कोरिया रहेका छन्। समझदारीपत्र कार्यान्वयनमा आइसकेको हुँदा प्रस्तावित मस्यौदा अनुरुप नेपाललाई संस्थापक सदस्यका रूपमा नराखी समझदारीपत्रको धारा १५ बमोजिम MOU लागू भएपछि CALI को सदस्यता प्राप्त गर्न चाहने अतिरिक्त विधायिकी संस्थाले CALI का सबै सदस्यहरूको पूर्वसहमति प्राप्त गरी उक्त MOU मा हस्ताक्षर गरेपछि CALI को सदस्य बन्न सक्ने व्यवस्था रहेको छ। अतः हालको अवस्थामा नेपालले संस्थापक सदस्यका रूपमा नभई उक्त व्यवस्थाबमोजिम CALI को सदस्यता ग्रहण गर्न सक्ने अवस्था रहेको छ।

२. **सन्धिको उद्देश्य र त्यसमा भएका मुख्य-मुख्य व्यवस्थाहरूः**

यस समझदारीपत्रको उद्देश्य डिजिटल रूपान्तरण, कृत्रिम बुद्धिमत्ता र जलवायु परिवर्तनजस्ता विश्वव्यापी विषयहरूले हाम्रो समाजमा पार्ने प्रभावका कारण उत्पन्न हुने विधायिकी चुनौतीहरूलाई संयुक्त रूपमा सम्बोधन गर्नुका साथै एशियाली क्षेत्रभित्र सदस्यहरूबीचको आपसी सहकार्यका आधारमा कानूनी शासन सुदृढ गर्ने र कानूनी संस्कृतिको स्तर वृद्धि गर्दै एशियाको साझा समृद्धिमा योगदान पुर्‍याउनु रहेको छ। यस सन्दर्भमा, CALI ले सेमिनार आयोजना, कानूनी जानकारी आदानप्रदान, डिजिटल पहुँच विस्तार, विशेषज्ञहरूको आपसी भ्रमण तथा विचारविमर्श जस्ता गतिविधिहरू सञ्चालन गर्ने उल्लेख भएको छ। यस्ता कार्यहरुको कार्यान्वयनका लागि छलफल गर्न वार्षिक साधारण सभा तथा बैठक लागायका प्रमुख कार्यहरूका रूपमा उल्लेख गरिएको छ।

समग्रमा, एशियाली विधायिकी संस्थाहरूको परिषद् (CALI) सम्बन्धी समझदारीपत्रका मुख्य व्यवस्थाहरूमा एशियाली विधायिकी संस्थाहरूबीच कानूनी शासन र कानूनी संस्कृतिको प्रवर्द्धनका लागि सहकार्य गर्ने, विधायिकी नीति, कानूनी सूचना तथा कानून सुधारसम्बन्धी अनुभव आदानप्रदान गर्ने, CALI को सदस्यता तथा पर्यवेक्षकको व्यवस्था गर्ने, साधारण सभा, समन्वय समिति र सचिवालय गरी संस्थागत संरचना निर्धारण गर्ने, सचिवालयलाई गणतन्त्र कोरियामा स्थापना गर्ने, यसको सञ्चालन खर्च आयोजक संस्थाले व्यहोर्ने, सदस्यहरूबीच विवाद भएमा आपसी परामर्श तथा वार्ताबाट समाधान गर्ने, बौद्धिक सम्पत्ति तथा

गोपनीयताको संरक्षण गर्ने, साथै समझदारीपत्रको संशोधन, सदस्यको फिर्ता र समझदारीपत्रको अन्त्यसम्बन्धी व्यवस्था गर्ने विषयहरू प्रमुख रूपमा समावेश छन्।

३. सन्धिमा नेपाल राज्य वा नेपाल सरकार पक्ष हुनु पर्ने कारण तथा त्यसको औचित्यः

नेपाल सरकार CALI को सदस्य हुनु उपयुक्त हुने प्रमुख कारण भनेको एशियाली राष्ट्रहरूसँग विधायिकी तथा कानूनी क्षेत्रमा सहकार्य र अनुभव आदानप्रदान गर्ने अवसर प्राप्त हुनु हो। CALI अन्तर्गत अनलाइन तथा अफलाइन सेमिनार, छलफल तथा अन्य गतिविधिमार्फत विधायिकी प्रशासनलाई थप प्रभावकारी बनाउन तथा जनसहभागिता प्रवर्द्धन गर्न सहकार्य गर्ने व्यवस्था रहेकाले नेपालले त्यस्ता अवसरको उपयोग गरी आफ्नो विधायिकी अभ्यासलाई थप प्रभावकारी बनाउन सक्नेछ। साथै, एशियाली राष्ट्रहरूबीच कानूनी जानकारीको आदानप्रदान तथा डिजिटल प्रविधिको प्रयोगमार्फत त्यस्तो जानकारीलाई थप पहुँचयोग्य र प्रभावकारी बनाउने सहकार्यबाट नेपाल लाभान्वित हुन सक्नेछ। कानून संशोधनका लागि मस्यौदा तथा अनुभव आदानप्रदान गर्ने व्यवस्थाले नेपालको कानून सुधार तथा संशोधन प्रक्रियामा समेत सकारात्मक योगदान पुऱ्याउनेछ। यसका अतिरिक्त, विधायिकी विशेषज्ञहरूको आपसी भ्रमण, अनुभव आदानप्रदान, विचारविमर्श, संयुक्त अनुसन्धान तथा अन्य सहकार्यात्मक गतिविधिमा नेपालको सहभागिताले नेपालको विधायिकी क्षमता अभिवृद्धि गर्नुका साथै एशियाली राष्ट्रहरूसँगको कानूनी तथा संस्थागत सम्बन्धलाई थप सुदृढ र संस्थागत गर्न सहयोग पुग्नेछ।

४. सन्धिबाट नेपाललाई हुने फाइदाः

CALI को सदस्यताबाट नेपालले कानूनी सुधारका लागि विशेषज्ञहरूको संलग्नतामार्फत विश्वव्यापी रूपमा विकसित नवीनतम प्रविधि, डिजिटल रूपान्तरण तथा जलवायु परिवर्तनबाट उत्पन्न प्रभावका सन्दर्भमा प्रचलित तथा प्रस्तावित कानूनी व्यवस्थाहरूको अध्ययन तथा अनुसन्धान गरी कानून तर्जुमालाई थप प्रभावकारी बनाउन आवश्यक सुझाव तथा विशेषज्ञता प्राप्त गर्न सक्नेछ। साथै, एशियाली राष्ट्रहरूबीच कानूनी जानकारी, विधायिकी नीति तथा कानून निर्माणसम्बन्धी नवीन अवधारणा र अभ्यासहरूको आदानप्रदान तथा साझेदारीलाई सुदृढ गर्न सकिनेछ। डिजिटल प्रविधिको उपयोगमार्फत कानूनी सेवामा पहुँच अभिवृद्धि तथा कानूनमा सबैको पहुँच विस्तारका लागि आवश्यक प्राविधिक ज्ञान र सहयोग प्राप्त गर्न सकिनेछ। यसका अतिरिक्त, एशियाली राष्ट्रहरूसँग विधायिकी सहकार्य विस्तार गरी पारस्परिक सम्बन्धलाई थप सुदृढ र संस्थागत गर्न तथा विधायिकी चुनौतीहरूको समाधानका लागि संयुक्त अनुसन्धान, सेमिनार, छलफल तथा अनुभव आदानप्रदानमा सक्रिय सहभागिता जनाउने अवसर प्राप्त हुनेछ। यसबाट नेपालको कानूनी तथा विधायिकी व्यवस्थालाई समसामयिक, प्रभावकारी र अन्तर्राष्ट्रिय अभ्यासअनुकूल बनाउन समेत योगदान पुग्नेछ। साथै, धारा ३(२) बमोजिम प्रस्तुत समझदारीपत्रले सदस्यहरूलाई कुनै कानूनी रूपमा बाध्यकारी अधिकार वा दायित्व सिर्जना नगर्ने भएकोले नेपालका लागि कुनै अतिरिक्त कानूनी दायित्व सिर्जना नहुने व्यवस्था रहेको छ।

५. सन्धिको अनुमोदन पश्चात निर्वाह गर्नुपर्ने प्रमुख दायित्वः

CALI को सदस्यता पश्चात नेपालले मुख्यतः आर्थिक तथा सहभागितासम्बन्धी दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। धारा ११(२) बमोजिम CALI को साधारण सभा, समन्वय समिति तथा अन्य सम्बन्धित गतिविधिहरूमा नेपाली प्रतिनिधि वा प्रतिनिधिमण्डलको सहभागिताका लागि लाग्ने अन्तर्राष्ट्रिय यात्रा तथा अन्य सहभागिता खर्च नेपाल सरकारले व्यहोर्नुपर्ने छ। त्यसैगरी, धारा ११(३) बमोजिम सदस्यहरूलाई CALI लाई सहयोग गर्न तथा यसको वित्तीय स्थायित्व सुनिश्चित गर्न स्वेच्छिक रूपमा नगद वा वस्तुगत (in-kind) योगदान गर्न प्रोत्साहित गरिएको छ। यद्यपि यस्तो योगदान कानूनी रूपमा बाध्यकारी नभए पनि CALI सँगको दीर्घकालीन सहकार्यलाई सुदृढ बनाउन आवश्यकताअनुसार नेपालले आर्थिक वा प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने सम्भावना रहन्छ।

६. सन्धि कार्यान्वयन गर्न छुट्टै नयाँ कानून बनाउनुपर्ने वा नपर्ने भए सोको विवरणः

नेपालमा कानूनको अध्ययन तथा अनुसन्धानका लागि नेपाल कानून आयोग क्रियाशील रहेको तथा नेपाल सरकारसँग सम्बन्धित सम्पूर्ण कानूनहरूको तर्जुमा गर्ने मुख्य जिम्मेवारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने भएकाले प्रस्तुत सम्झौतापत्रको कार्यान्वयनका लागि कुनै नयाँ संस्था गठन वा अतिरिक्त संरचना निर्माण गर्न आवश्यक नरहेको देखिन्छ।

यस सम्झौतापत्रको प्रभावकारी कार्यान्वयनका लागि नेपालतर्फबाट प्रभावकारी सहभागिता र समन्वय सुनिश्चित गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयभित्र एक focal point/समन्वय इकाई तोकिनु उपयुक्त हुनेछ। उक्त इकाईमार्फत सम्झौताअन्तर्गत रहेका आवश्यक सम्पूर्ण कार्यहरू सम्पादन गरिनेछ। साथै, उक्त इकाईले प्राविधिक समन्वय, दस्तावेज व्यवस्थापन तथा अन्तर्राष्ट्रिय बैठकहरूको तयारीसम्बन्धी कार्यका लागि आन्तरिक कार्यविधि समेत तयार गर्न सक्नेछ। तथापि, यस प्रयोजनका लागि छुट्टै कानूनी प्रावधानसहितको नयाँ संस्थागत संरचना स्थापना गर्न आवश्यक नपर्ने देखिन्छ।

७. बहुपक्षिय सन्धिको हकमा त्यस्तो सन्धिका पक्ष भइसकेका मुलुकको नाम र संख्याः

CALI का संस्थापक सदस्यहरूमा उजबेकिस्तान, थाइल्यान्ड, मङ्गोलिया र कोरिया रहेका छन्।

८. आरक्षणको व्यवस्थाः

नेपालले कुनै पनि आर्थिक योगदान आफ्ना उपलब्ध स्रोत, वित्तीय क्षमता तथा राष्ट्रिय प्राथमिकताका आधारमा मात्र गर्नेछ। व्याख्यात्मक घोषणा (interpretative declaration) गर्ने आवश्यकता न्यून रहे तापनि नेपालको धारणा स्पष्ट पार्न निम्न बुँदाहरूलाई interpretative note का रूपमा समावेश गर्न सकिने सम्भावना रहेको छः

(क) यस सम्झौतापत्र अन्तर्गत नेपालका सम्पूर्ण प्रतिबद्धताहरू पूर्णतः स्वेच्छिक प्रकृतिका हुनेछन्।

(ख) यस सदस्यताले नेपालको संवैधानिक व्यवस्था, प्रचलित कानून तथा राष्ट्रिय नीतिगत ढाँचामा कुनै प्रकारको प्रभाव पार्ने छैन।

(ग) नेपालद्वारा गरिने कुनै पनि आर्थिक योगदान उपलब्ध स्रोत, वित्तीय क्षमता तथा राष्ट्रिय प्राथमिकताका आधारमा मात्र निर्धारण र कार्यान्वयन गरिनेछ।

९. प्रस्तावः

नेपाल सरकार (मन्त्रिपरिषद्)को मितिः २०८३/०४/१८ को बैठकले एशियाली विधायिकी संस्थाहरूको परिषद् (Council of Asian Legislative Institutions- CALI) को सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी Memorandum of Understanding on the Establishment of the Council of Asian Legislative Institutions (MoU) पारित गर्नको लागि प्रतिनिधि सभामा पेस गर्न स्वीकृति प्रदान गरे अनुरुप सो समझदारीपत्र प्रतिनिधि सभाबाट पारित भएपछि उक्त समझदारी पत्रमा नेपाल सरकारको तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई अख्तियारी प्रदान गर्नका लागि नेपाल सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्था बमोजिम प्रतिनिधि सभामा पेस गर्न स्वीकृति प्रदान गरे अनुरूप प्रतिनिधि सभाबाट सम्मिलन मार्फत पारित हुन सम्मानित संसद समक्ष पेस गरेको छु।

मन्त्री

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

Memorandum of Understanding on the Establishment of the Council of Asian Legislative Institutions (CALI)

The representatives of each Asian legislative institution comprising, the Ministry of Government Legislation of the Republic of Korea, the Ministry of Justice and Home Affairs of Mongolia, the Office of the Council of State of the Kingdom of Thailand and the Ministry of Justice of the Republic of Uzbekistan (hereinafter referred to as "Founding Members"):

CONSIDERING the urgent need to jointly respond to emerging legislative challenges caused by the impacts of global issues such as digital transformation, artificial intelligence and climate change on our society,

DETERMINED to strengthen cooperation among all Members with the aim of promoting and advancing the rule of law in the Asian region,

RECALLING the achievements of the Asian Legislative Experts Symposium, serving as an international forum in which various legislative issues have been discussed under the slogan, "Asia Shares Legislative Experience,"

DESIRING to build a platform to promote the common prosperity of Asia by contributing to the enhancement of Asian legal culture,

HAVE REACHED the following understanding:

Article 1. Establishment

1. The Council of Asian Legislative Institutions (hereinafter referred to as the "CALI") is hereby established as an intergovernmental consultative body.

2. The Hosting Institution of the CALI (hereinafter referred to as the "Hosting Institution") will be the Ministry of Government Legislation of the Republic of Korea.

3. The Secretariat of the CALI (hereinafter referred to as the "Secretariat") will be located in the Republic of Korea.

Article 2. Membership

1. The Members of the CALI (hereinafter referred to as the "Members") will consist of the Founding Members and any additional legislative institutions in the Asian region which concur with the objectives set out in the Memorandum of Understanding (hereinafter referred to as the "MOU") and have been admitted in accordance with paragraph 3.

2. The Founding Members will become the Members after they have signed this MOU.

3. An additional legislative institution may become a Member of the CALI, upon consensus by all Members, after it has signed this MOU.

Article 3. Objective and Principles of Cooperation

1. The objective of the CALI is to contribute to the common prosperity of Asia by strengthening the rule of law and enhancing legal culture in the Asian region based on mutual cooperation among the Members.

2. This MOU does not generate rights or legally binding obligations upon the Members and does not constitute a treaty under international law.

3. Activities under this MOU will be carried out on the basis of equality, consensus, mutual benefit and respect, and in compliance with domestic laws of the Member states and international treaties to which the Member states are Parties.

Article 4. Activities

In order to achieve its objective, the CALI will engage in various activities to facilitate the following:

a) exchange of views on and sharing of responses to pending legal issues;

b) exchange of legislative policy practices for mutual learning and improvement;

c) cooperation to share and disseminate legal information; and

d) sharing experience of the improvement of laws.

Article 5. Observers

1. Observer status may be granted to:

a) other legislative institutions in the Asian region which have submitted the application to be an observer to the Director-General of the Secretariat (hereinafter referred to as the "Director-General"); and

b) relevant international organizations and non-governmental organizations.

2. Matters related to the observer's participation in the activities of the CALI will be decided by the General Assembly.

Article 6. Organs

1. The principal organs of the CALI will be the General Assembly, the Coordination Committee, and the Secretariat.

2. Branch offices or other subsidiary organs of the CALI may be established if the General Assembly so decides as required to support the activities of the CALI.

Article 7. General Assembly

1. The General Assembly is the highest decision-making body.

2. The General Assembly will comprise all Members represented by a delegation headed by a Minister or the Head of a legislative institution or his/her authorized representative.

3. In addition to exercising such other functions as are specified in this MOU, the General

Assembly will:

a) approve proposals and action plans for specific projects;

b) decide on requests for observer status in the CALI;

c) adopt reports and recommendations from the Coordination Committee; and

d) establish the Rules of Procedure for the CALI.

Article 8. Coordination Committee

1. The Coordination Committee will comprise all Members represented by a delegation headed by a duly authorized representative.

2. The Coordination Committee will be responsible for making the necessary preparation for the meeting(s) of the General Assembly, including consideration and preliminary approval of proposals and action plans for specific projects.

3. The Coordination Committee will receive and consider reports from the Director-General.

4. The Coordination Committee will coordinate the communication among the Members as well as between the General Assembly and the Secretariat.

Article 9. Secretariat

1. The Secretariat will comprise the Director-General and the staff members of the Secretariat (hereinafter referred to as the "staff members").

2. The Secretariat will be headed by the Director-General who will be the chief administrative officer of the CALI and act in that capacity at all meetings of the CALI.

3. Subject to guidance by the General Assembly, the Director-General will carry out administrative and contractual arrangements on behalf of the CALI for the implementation of the activities of the CALI.

4. The Director-General will be the Director responsible for legislative exchange and cooperation of the Hosting Institution.

5. The Secretariat will:

a) make arrangements for the meetings of the General Assembly and the Coordination Committee;

b) manage the budget and implement the activities and projects;

c) report to the General Assembly on the budget and progress of the implementation of the activities and projects on a regular basis;

d) support preparation, evaluation and recommendations of proposals and action plans for projects which are to be considered by the Coordination Committee and General Assembly;

e) coordinate its activities with other relevant bodies and entities; and

f) exercise other functions as may be decided by the General Assembly.

Article 10. Working Language

The working language of the CALI will be English.

Article 11. Finance

1. The Hosting Institution will bear costs necessary to achieve the objectives of the CALI, including the operation of the Secretariat.

2. The Members will bear travel expenses incurred by their participation in the CALI meetings and activities.

3. The Members are encouraged to support the CALI and ensure its financial stability through voluntary in-kind and/or cash contributions.

Article 12. Settlement of Disputes

Any differences concerning the interpretation, implementation and/or application of this MOU will be settled amicably through mutual consultation and/or negotiation between the Members concerned.

Article 13. Protection of Intellectual Property Rights

1. The intellectual property rights in respect of any research and technological developments, or products or services development:

a) carried out jointly by the Members, or research results obtained through the joint activity effort of the Members, will be jointly owned by such Members in accordance with terms mutually agreed upon on a case to case basis; and

b) implemented solely and separately by a Member, or the research results obtained through the sole and separate effort of a Member, will be owned by the Member concerned.

2. The use of the name, logo and/or official emblem of the CALI on any publication, document and/or paper not related to the CALI is prohibited without the prior approval of the Assembly.

Article 14. Confidentiality

1. Each Member will observe the confidentiality and secrecy of documents, information and other data received from or supplied to another Member pursuant to this MOU or any other agreement made under this MOU and will not pass such documents, information and other data to a third party without prior written consent of the other Member.

2. The provisions of this Article will continue to apply to the Members regardless of their withdrawal from, or their termination of, this MOU.

Article 15. Coming into Effect

1. This MOU will come into effect on the date of signing.

2. For any additional legislative institution that applies for Membership to the CALI after its effective date, it will become a Member of the CALI after it has signed this MOU, provided that the institution has obtained the prior consent of all Members and signs this MOU with the Chair of the CALI for that year.

Article 16. Amendments

1. Any Member may propose an amendment to this MOU by submitting such proposal to the Director-General. The Director-General will communicate a proposed amendment to all Members at least ninety (90) days prior to its consideration by the General Assembly.

2. The amendment to this MOU adopted by the General Assembly will enter into force on the date which the original copy of the proposed amendment, signed by all Members, is deposited with the Depositary.

Article 17. Withdrawal

Any Member may withdraw from the CALI by notifying all Members in writing, sixty (60) days prior to the date that such withdrawal becomes effective.

Article 18. Termination

1. This MOU may be terminated through a decision by consensus in the General Assembly of all Members.

2. Any decision taken under paragraph 1 will not take effect before twelve (12) months have expired, unless otherwise decided by the General Assembly by consensus.

3. The termination of this MOU will not affect the carrying out of any activity or project undertaken under this MOU and not fully executed at the time of termination of this MOU, unless otherwise agreed by the General Assembly by consensus.

Signed at Seoul, on November 7th, 2025, in four (4) originals, in the English language.

on behalf of
the Ministry of Government Legislation
of
the Republic of Korea

Cho Won-Cheol
Minister of
the Ministry of Government Legislation
The Republic of Korea

on behalf of
the Ministry of Justice and Home Affairs
of
the Mongolia

Nergui Myagmar
State Secretary of
the Ministry of Justice and Home Affairs
The Mongolia

on behalf of
the Office of the Council of State of

on behalf of
the Ministry of Justice of

the Kingdom of Thailand	**the Republic of Uzbekistan**
Pakorn Nilprapunt Secretary General of the Office of the Council of State The Kingdom of Thailand	Ikramov Muzraf Deputy Minister of the Ministry of Justice The Republic of Uzbekistan

SIGNATURE OF ACCESSION

Pursuant to Article 2, paragraph 3 and Article 15, paragraph 2 of this Memorandum of Understanding, the Ministry of Law, Justice and Parliamentary Affairs of Nepal, having obtained the prior consent of all Members of the Council of Asian Legislative Institutions (CALI), hereby signs this Memorandum of Understanding, together with the Chair of the CALI for the year 2026, and thereby becomes a Member of the CALI with effect from the date of signature below.

Signed at Seoul, on September 18th, 2026, as an additional signature page to the Memorandum of Understanding on the Establishment of the Council of Asian Legislative Institutions, in two (2) originals, in the English language.

on behalf of the Council of Asian Legislative Institutions	**on behalf of the Ministry of Law, Justice and Parliamentary Affairs of Nepal**
_____	_____

एशियाली विधायिकी संस्थाहरूको परिषद् स्थापना गर्ने सम्बन्धी समझदारी पत्र

गणतन्त्र कोरियाको कानून मन्त्रालय, मङ्गोलियाको न्याय तथा गृह मामिला मन्त्रालय, थाइल्यान्ड अधिराज्यको राज्य परिषद्को कार्यालय र गणतन्त्र उजबेकिस्तानको न्याय मन्त्रालय (यसपछि "संस्थापक सदस्यहरू" भनिएको) लाई समेट्ने प्रत्येक एशियाली विधायिकी संस्थाका प्रतिनिधिहरूः

डिजिटल रूपान्तरण, कृत्रिम बुद्धिमत्ता र जलवायु परिवर्तनजस्ता विश्वव्यापी विषयहरूले हाम्रो समाजमा पार्ने प्रभावका कारण उत्पन्न हुने विधायिकी चुनौतीहरूलाई संयुक्त रूपमा सम्बोधन गर्नुपर्ने तत्कालीन आवश्यकतालाई *विचार गर्दै*,

एशियाली क्षेत्रमा कानूनी शासन प्रवर्द्धन र उन्नयन गर्ने उद्देश्यका साथ सबै सदस्यहरूबीच सहयोग सुदृढ गर्ने दृढ *संकल्प गर्दै*,

'एशिया साझेदारी विधायिकी अनुभव' भन्ने नाराका साथ विभिन्न विधायिकी विषयहरूमा छलफल गरिँदै आएको अन्तर्राष्ट्रिय मञ्चको रूपमा सेवा प्रदान गर्ने एशियाली विधायिकी विज्ञ गोष्ठीको उपलब्धिहरूलाई *स्मरण गर्दै*,

एशियाली कानूनी संस्कृतिको अभिवृद्धिमा योगदान पुऱ्याउँदै एशियाको साझा समृद्धि प्रवर्द्धन गर्न एक मञ्च निर्माण गर्ने *चाहना राख्दै*,

देहायको समझदारीमा पुगेका छन्:

धारा १. स्थापना

१. एशियाली विधायिकी संस्थाहरूको परिषद् (यसपछि "CALI" भनिएको) लाई अन्तरसरकारी परामर्शदातृ निकायको रूपमा स्थापना गरिएको छ।

२. CALI को आयोजक संस्था (यसपछि “आयोजक संस्था” भनिएको) गणतन्त्र कोरियाको कानून मन्त्रालय रहनेछ।

३. CALI को सचिवालय (यसपछि “सचिवालय” भनिएको) गणतन्त्र कोरियामा अवस्थित हुनेछ।

धारा २. सदस्यता

१. CALI का सदस्यहरू (यसपछि “सदस्यहरू” भनिएको) मा संस्थापक सदस्यहरू तथा समझदारीपत्र (यसपछि “समझदारीपत्र” भनिएको) मा उल्लिखित उद्देश्यहरूसँग सहमत भई अनुच्छेद ३ बमोजिम सदस्यका रूपमा स्वीकार गरिएका एसियाली क्षेत्रका अन्य थप विधायिकी संस्थाहरू रहनेछन्।

२. संस्थापक सदस्यहरू यस समझदारीपत्रमा हस्ताक्षर गरेपछि सदस्य बन्नेछन्।

३. कुनै अन्य विधायिकी संस्था यस समझदारीपत्रमा हस्ताक्षर गरेपछि, सबै सदस्यहरूको सर्वसम्मतिमा सदस्य बन्न सक्नेछ।

धारा ३. सहकार्यका उद्देश्य तथा सिद्धान्तहरू

१. CALI को उद्देश्य एशियाली क्षेत्रभित्र सदस्यहरूबीचको आपसी सहकार्यका आधारमा कानूनी शासन सुदृढ गर्दै र कानूनी संस्कृतिको स्तर वृद्धि गर्दै एशियाको साझा समृद्धिमा योगदान पुऱ्याउनु हो।

२. यस समझदारीपत्रले सदस्यहरूलाई कुनै हक वा कानूनी रूपमा बाध्यकारी दायित्व सिर्जना गर्दैन र यो अन्तर्राष्ट्रिय कानुन अनुसार सन्धि मानिने छैन।

३. यस समझदारीपत्रअन्तर्गतका क्रियाकलापहरू समानता, सर्वसम्मति, पारस्परिक लाभ तथा सम्मानका आधारमा र सदस्य राष्ट्रहरूको प्रचलित स्वदेशी कानून तथा सदस्य राष्ट्रहरू पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरूको पालना गर्दै सञ्चालन गरिनेछ।

धारा ४. क्रियाकलापहरू

आफ्नो उद्देश्य प्राप्त गर्नका लागि, CALI ले निम्नलिखित कार्यहरू सहज बनाउन विभिन्न गतिविधिहरू सञ्चालन गर्नेछः

क) विचाराधीन कानूनी विषयहरूका सम्बन्धमा विचार तथा प्रतिक्रिया आदानप्रदान गर्ने;

ख) पारस्परिक सिकाइ तथा सुधारका लागि विधायिकी नीतिसम्बन्धी अभ्यासहरूको आदानप्रदान गर्ने;

ग) कानूनी जानकारी आदानप्रदान तथा प्रसारका लागि सहकार्य; र

घ) कानून सुधारका अनुभवहरू आदानप्रदान गर्ने।

धारा ५. पर्यवेक्षकहरू

१. पर्यवेक्षकको स्थिति निम्नलाई प्रदान गर्न सकिन्छः

क) सचिवालयका महानिर्देशक (यसपछि "महानिर्देशक" भनिएको) लाई पर्यवेक्षक बन्न आवेदन दिएका एशियाली क्षेत्रमा रहेका अन्य विधायिकी संस्थाहरू ; र

ख) सान्दर्भिक अन्तर्राष्ट्रिय संस्था र गैरसरकारी संस्थाहरू।

२. पर्यवेक्षकको CALI का गतिविधिहरूमा सहभागितासम्बन्धी विषयहरू साधारण सभाले निर्णय गर्नेछ।

धारा ६. अंगहरू

१. CALI का मुख्य अंगहरू साधारण सभा, समन्वय समिति, र सचिवालय हुनेछन्।

२. CALI का गतिविधिहरूलाई सहयोग पुऱ्याउन आवश्यक भएमा साधारण सभाको निर्णयबमोजिम CALI का शाखा कार्यालय वा अन्य सहायक अंगहरू स्थापना गर्न सकिनेछ।

धारा ७. साधारण सभा

१. साधारण सभा सर्वोच्च निर्णय गर्ने निकाय हो।

२. साधारण सभामा सबै सदस्यहरू समावेश हुनेछन्, जसको प्रतिनिधित्व मन्त्री वा विधायिकी निकायको प्रमुख वा तीनका अधिकार प्राप्त प्रतिनिधिहरुद्वारा नेतृत्व गरिएका प्रतिनिधिमण्डलले गर्नेछ।

३. यस समझदारीपत्रमा उल्लेख गरिएका अन्य कार्यहरू अतिरिक्त, साधारण सभाले निम्न कार्यहरू गर्नेछः

क) विशेष परियोजनाका लागि प्रस्ताव र कार्ययोजना स्वीकृत गर्नु;
ख) CALI मा पर्यवेक्षकको स्थिति सम्बन्धी अनुरोध सम्बन्धी निर्णय लिनु;
ग) समन्वय समितिबाट प्राप्त प्रतिवेदन र सिफारिसहरू स्वीकृत गर्नु; र
घ) CALI को कार्यविधिका नियमहरु स्थापना गर्नु।

धारा ८. समन्वय समिति

१. समन्वय समितिमा विधिवत् रुपमा अधिकार प्राप्त प्रतिनिधिले नेतृत्व गर्ने सबै सदस्यहरू समावेश हुनेछन्।

२. समन्वय समितिले साधारण सभाका बैठकहरूका लागि आवश्यक तयारी गर्ने जिम्मेवारी वहन गर्नेछ, जसअन्तर्गत विशेष परियोजनासम्बन्धी प्रस्ताव तथा कार्ययोजनाको समीक्षा र प्रारम्भिक स्वीकृति प्रदान गर्ने कार्यसमेत समावेश हुनेछ।

३. समन्वय समितिले महानिर्देशकबाट प्राप्त प्रतिवेदनहरू प्राप्त गरी समीक्षा गर्नेछ।

४. समन्वय समितिले सदस्यहरूबीच र साधारण सभा तथा सचिवालयबीचको आदानप्रदान सम्बन्धी समन्वय गर्नेछ।

धारा ९. सचिवालय

१. सचिवालयमा महानिर्देशक र सचिवालयका कर्मचारी सदस्यहरू (यसपछि "कर्मचारी सदस्यहरू" भनिएको) समावेश हुनेछन्।

२. महानिर्देशकले सचिवालयको नेतृत्व गर्नेछन्, जो CALI को प्रमुख प्रशासनिक अधिकृत हुनेछन् र CALI का सबै बैठकहरूमा उक्त पदको हैसियतमा कार्य गर्नेछन्।

३. साधारण सभाबाट प्राप्त निर्देशनको अधीनमा, CALI को तर्फबाट, महानिर्देशकले CALI का गतिविधिहरूको कार्यान्वयनका लागि प्रशासनिक र सम्झौता सम्बन्धी व्यवस्था गर्नेछ।

४. महानिर्देशक आयोजक संस्थाको विधेयक सम्बन्धी आदानप्रदान तथा सहकार्यको लागि जिम्मेवार निर्देशक हुनेछन्।

५. सचिवालयले निम्न कार्यहरू गर्नेछ:

क) साधारण सभा र समन्वय समितिका बैठकहरूको व्यवस्था गर्नु;

ख) बजेट व्यवस्थापन गर्नु र गतिविधि तथा परियोजनाहरूको कार्यान्वयन गर्नु;

ग) बजेट र गतिविधि तथा परियोजनाहरूको कार्यान्वयन प्रगतिको नियमित रूपमा

साधारण सभालाई प्रतिवेदन दिनु;

घ) समन्वय समिति र साधारण सभाले विचार गर्नुपर्ने प्रस्ताव र परियोजनासम्बन्धी कार्ययोजनाहरूको तयारी, मूल्यांकन र सिफारिसमा सहयोग गर्नु;

ङ) आफ्ना गतिविधिहरूलाई अन्य सम्बन्धित निकाय र संस्थाहरूसँग समन्वय गर्नु; र

च) साधारण सभाले निर्णय गर्न सक्ने अन्य कार्यहरू गर्नु।

धारा १०. कामकाजको भाषा

CALI को कामकाजको भाषा अङ्ग्रेजी हुनेछ।

धारा ११. वित्तिय व्यवस्था

१. सचिवालयको सञ्चालनसम्बन्धी खर्चलगायत CALI का उद्देश्यहरू प्राप्त गर्न आवश्यक पर्ने सम्पूर्ण खर्च आयोजक संस्थाले व्यहोर्नेछ।

२. सदस्यहरूले CALI का बैठकहरू र गतिविधिहरूमा भाग लिँदा लाग्ने यात्रा खर्चहरू व्यहोर्नेछन्।

३. सदस्यहरूलाई CALI लाई समर्थन गर्न र यसको वित्तीय स्थिरता सुनिश्चित गर्न स्वेच्छिक रूपमा वस्तुपरक र/वा नगद योगदान गर्न प्रोत्साहन गरिनेछ।

धारा १२. विवाद समाधान

यस समझदारीपत्रको व्याख्या, कार्यान्वयन र/वा प्रयोग गर्ने विषयमा कुनै पनि मतभेद भएमा सम्बन्धित सदस्यहरूबीच आपसी परामर्श र/वा वार्ता मार्फत शान्तिपूर्ण ढंगले समाधान गरिनेछ।

धारा १३. बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण

१. कुनै पनि अनुसन्धान तथा प्राविधिक विकास वा वस्तु वा सेवाको विकाससँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकार:

क) सदस्यहरूले संयुक्त रूपमा सञ्चालन गरेका वा सदस्यहरूको संयुक्त प्रयासबाट प्राप्त अनुसन्धानका परिणामहरू हरेक मुद्दाहरुका आधारमा पारस्परिक रूपमा सहमति भएका सर्तहरू अनुसार त्यस्ता सदस्यहरूको संयुक्त स्वामित्वमा हुनेछ; र

ख) कुनै सदस्यले मात्र एक्लै र छुट्टै कार्यान्वयन गरेको वा सदस्यको एक्लो र छुट्टै प्रयासबाट प्राप्त अनुसन्धानका परिणामहरू सम्बन्धित सदस्यको स्वामित्वमा रहनेछ।

२. CALI को नाम, प्रतिकचिन्ह र/वा आधिकारिक चिन्हलाई CALI सँग सम्बन्धित नभएको कुनै पनि प्रकाशन, दस्तावेज वा कागजमा साधारण सभाको पूर्व अनुमति बिना प्रयोग गर्न निषेध गरिएको छ।

धारा १४. गोपनीयता

१. प्रत्येक सदस्यले यस समझदारीपत्र वा यस अन्तर्गत भएका अन्य कुनै सम्झौता बमोजिम अर्को सदस्यबाट प्राप्त वा आपूर्ति गरिएको कागजात, सूचना र अन्य तथ्याङ्कको गोपनीयता र रहस्यतालाई पालना गर्नेछ र र अर्को सदस्यको पूर्वलिखित सहमति बिना त्यस्ता कागजात, सूचना तथा अन्य तथ्याङ्क कुनै तेस्रो पक्षलाई उपलब्ध गराउने छैन।

२. यस धारा अन्तर्गतका प्रावधानहरू सदस्यहरूले यस समझदारीपत्र फिर्ता लिएको वा यसको अन्त्य भएपनि लागू रहिरहनेछन्।

धारा १५. लागू हुने

१. यो समझदारीपत्रमा हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ।

२. यो समझदारीपत्र लागू भएको मितिपछि CALI को सदस्यताका लागि आवेदन गर्ने कुनै पनि थप विधायिकी संस्थाले यस समझदारीपत्रमा हस्ताक्षर गरेपछि, CALI को सदस्य बन्न सक्नेछ, तर त्यस्तो संस्थाले सबै सदस्यहरूको पूर्व सहमति प्राप्त गरेको हुनुपर्नेछ र सो वर्षका लागि CALI का अध्यक्षसँग यस समझदारीपत्रमा हस्ताक्षर गरेको हुनुपर्नेछ।

धारा १६. संशोधन

१. कुनै पनि सदस्यले महानिर्देशकसमक्ष प्रस्ताव पेश गरी यस समझदारीपत्रमा संशोधनको प्रस्ताव गर्न सक्नेछ। महानिर्देशकले साधारण सभाबाट विचार हुनुअघि कम्तीमा नब्बे (९०) दिन अघि सबै सदस्यहरूलाई संशोधन प्रस्तावबारे जानकारी गराउनेछ।

२. साधारण सभाले स्वीकृत गरेको यस समझदारीपत्रको संशोधन सबै सदस्यहरूले हस्ताक्षर गरी मूल प्रति अभिलेख अधिकारी समक्ष बुझाएको मितिदेखि लागू हुनेछ।

धारा १७. फिर्ता लिने

कुनै पनि सदस्यले CALI बाट फिर्ता हुन चाहेमा, फिर्ता हुने मितिभन्दा कम्तीमा साठी (६०) दिन अगावै सबै सदस्यहरूलाई लिखित रूपमा सूचना दिई फिर्ता हुन सक्नेछ।

धारा १८. अन्त्य

१. यस समझदारीपत्रलाई सबै सदस्यहरूको सर्वसम्मतिमा साधारण सभाबाट निर्णय गरेर अन्त्य गर्न सकिनेछ।

२. प्रकरण १ अन्तर्गत लिइएको कुनै पनि निर्णय साधारण सभाले सर्वसम्मतिले निर्णय गरेको अवस्थामा बाहेक बाह्र (१२) महिना सकिनु पूर्व प्रभावकारी हुने छैन।

३. यस समझदारीपत्रको अन्त्यले यसअन्तर्गत प्रारम्भ गरिएका तर अन्त्यको समयमा पूर्ण रूपमा सम्पन्न नभएका कुनै पनि गतिविधि वा परियोजनामा साधारण सभाले सर्वसम्मतिले अन्यथा सहमति नजनाएसम्म असर पार्ने छैन।

यस समझदारीपत्रको सक्कल चार प्रतिमा अंग्रेजी भाषामा २०२५ नोभेम्बर ७ गते सिओलमा हस्ताक्षर गरेका छन्।

गणतन्त्र कोरियाको कानून मन्त्रालयको तर्फबाट

_____

चो वोन-च्योल

मन्त्री

गणतन्त्र कोरियाको कानून मन्त्रालय

मङ्गोलियाको न्याय तथा गृह मामिला मन्त्रालयको तर्फबाट

_____

नेरगुइ म्याङमार

राज्य सचिव

मङ्गोलियाको न्याय तथा गृह मामिला मन्त्रालय

थाइल्यान्ड अधिराज्यको राज्य परिषद्को कार्यालयको तर्फबाट

_____

पाकोर्न निलप्रपुन्ट

महासचिव

थाइल्यान्ड अधिराज्यको राज्य परिषद्को कार्यालय

गणतन्त्र उजबेकिस्तानको न्याय मन्त्रालयको तर्फबाट

_____

इक्रामोभ मुजराफ

उपमन्त्री

गणतन्त्र उजबेकिस्तानको न्याय मन्त्रालय

सदस्यताका लागि हस्ताक्षर

यस समझदारीपत्रको धारा २ को उपधारा ३ तथा धारा १५ को उपधारा २ बमोजिम, एसियाली विधायिकी संस्थाहरूको परिषद् (CALI) का सबै सदस्यहरूको पूर्वसहमति प्राप्त गरी नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सन् २०२६ का लागि CALI का अध्यक्षसँगै यस समझदारीपत्रमा हस्ताक्षर गर्दछ र यसरी निम्न उल्लिखित हस्ताक्षरको मितिदेखि लागू हुने गरी CALI को सदस्य बन्नेछ।

सेप्टेम्बर १८, २०२६, सियोलमा, एसियाली विधायिकी संस्थाहरूको परिषद् स्थापना सम्बन्धी समझदारीपत्रको अतिरिक्त हस्ताक्षर पृष्ठका रूपमा, अंग्रेजी भाषामा दुई (२) प्रति मूलप्रति तयार गरी हस्ताक्षर गरिएको।

एसियाली विधायिकी संस्थाहरूको परिषदको तर्फबाट

_____

नेपाल सरकारको तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

_____